नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक १४६ | २०७६ साल पुस २२ गते मंगलबार (7 Jan. 2020 Tuesday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सुनको बिक्री ७५ प्रतिशतल ... ३ पृष्ठमा : बन्ने भयो साढे ... ३ पृष्ठमा : इरानको सर्वोच्च नेताद्वारा ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# चार वर्षपछि एउटै मञ्चमा देखिए नेकपा र राजपाका नेता



राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि नेकपा-राजपा गठबन्धनका संयुक्त उम्मेदवारहरु क्रमश बायाँबाट : राधेश्याम पासवना, मृगेन्द्र कुमार सिंह यादव, तुल्सा दाहाल र शेखर कुमार सिंह ***तस्बिर : राजविराज दैनिक***

**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

चार वर्ष बढी समयदेखी एक अर्का बिरुद्ध कडा रुपमा प्रस्तुत हुँदै आएको नेकपा र राजपाका नेता तथा कार्यकर्ताहरु सोमबार एउटै मञ्चमा देखिएका छन् ।

२०७२ सालको मधेश आन्दोलन पश्चात् तत्कालिन एमाले पार्टीसँग मधेश केन्द्रित दलका सप्तरीका नेता कार्यकर्ताहरुबीच एक अर्कामा निकै द्वन्द्व रहेको थियो । तर, यी दुबै पार्टीको समय चक्र सँगै राजनीतिक परिवेश बदलिँदै गएपछि अहिले उनीहरु एउटै मञ्चमा देखिन थालेका छन् ।

आउँदो माघ ९ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि दुबै पार्टीबीच प्रदेश २ मा सहकार्य गर्ने सहमति भएपछि मधेश राजनीतिको केन्द्र मानिने राजविराजमा सोमबार नेकपा र राजपाद्वारा संयुक्त रुपमा आयोजना गरिएको राष्ट्रिय सभा निर्वाचनका उम्मेदवारहरुको परिचयात्मक तथा पत्रकार भेटघाट कार्यक्रममा उनीहरु एउटै मञ्चमा देखिएका हुन् ।

सो कार्यक्रममा नेकपाका प्रदेश २ इन्चार्ज सत्यनारायण मण्डल, सचिव सुमनराज प्याकुरेल, जिल्ला अध्यक्ष अशोक कुमार मण्डल, राजपाका महासचिव मनिषकुमार सुमन, वरिष्ट उपाध्यक्ष मृगेन्द्र कुमार सिहं यादव लगायतका नेताहरु एक आपसमा अंगालो समेत मार्न भ्याए ।

सोह कार्यक्रममा राष्ट्रिय सभा सदस्यका लागि उम्मेदवार रहेका मृगेन्द्र कुमार सिंह यादवले राजनीतिमा कोही पनि स्थायी मित्र र स्थायी शत्रु नहुने भन्दै समय र परिस्थिति अनुसार शत्रु र मित्र परिवर्तन हुने बताए । उनले गठबन्धन मधेशको सवालमा वर्तमान सरकार सकारात्मक बन्दै गए सहकार्य अझ अगाडी बढ्न सक्ने संकेत पनि गर्दै लाल सलाम र जय मधेशको अभिवादनसहित आफ्नो मन्तव्य टुङगयाए ।

त्यस्तै नेकपा-राजपा गठबन्धनका अर्का उम्मेदवार शेखर सिंहले पनि राजपा-नेकपा गठबन्धन मुलुकका लागि शुभ संकेत भएको भन्दै बिचित्रको गठबन्धनले भविष्यमा देशहीतमा राम्रो परिणाम दिने समेत जिकिर गरे ।

गठबन्धनका अर्का उम्मेदवार राधेश्याम पासवानले राजपा-नेकपा गठबन्धनले समस्त शोषित, उत्पीडित समुदायको समस्यालाई सम्बोधन गर्ने दाबी गर्दै सहयोगका लागि आग्रह गरे ।

त्यस्तै अर्का उम्मेदवार तुल्सा दाहालले गठबन्धनको जितले आधा आकाश ओगटेको महिला तथा देशको मुल समस्याहरुलाई समाधान गर्न बल पुऱ्याउने भन्दै गठबन्धनका उम्मेदवारलाई सहयोग गर्न अपील गरिन् ।

प्रदेश २ संसदीय दलका नेता सत्यानारायण मण्डलले तराई मधेशको समृद्धि र विकासका लागि राजपा-नेकपा गठबन्धन कोशेढुङ्गा साबित हुने भन्दै यस्तो सहकार्यले निरन्तरता पाउनु पर्नेमा जोड दिए । उनले लाल मधेशको अभिवादनसहित आफ्नो मन्तव्य सकाएका थिए ।

राजपाका महासचिव मनिष सुमनले राष्ट्रिय सभाको निर्वाचन सम्बन्धमा गत पुस २ गते नेकपासँग भएको २ बुँदे सहमति अनुसार बुँदा नं. १ कार्यान्वयनमा गइसकेको तथा २ नं. बुँदामा उल्लेख भए अनुसार भविष्यमा पनि सहकार्य अघि बढ्ने बताए ।

नेकपा तथा राजपाका नेता, कार्यकर्ता तथा विभिन्न नगरपालिकाका प्रमुख उपप्रमुखहरुको उल्लेख्यीय

***बाँकी अन्तिम पृष्ठमा***

# प्रहरीद्वारा एकै दिन १७ जना फरार प्रतिवादी पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

जिल्ला प्रहरी कार्यलय सप्तरीले एकै दिन विभिन्न मुद्दामा फरार १७ जना प्रतिवादीहरुलाई पक्राउ गर्न सपल भएको छ ।

सप्तरी प्रहरीको एक वर्षे कार्य योजना अनुरुप फरार प्रतिवादी पक्राउलाई अभियानको रुपमा लिएपछि सोमबारै १७ जना फरार प्रतिवादीलाई पक्राउ गर्न सफल भएको हो ।

प्रहरीले सप्तरीको बलान बिहुल गाउँपालिका ३ बस्ने ५४ वर्षिय कुटपिट मुद्दामा फरार जयराम साह, खड्क नगरपालिका ४ बस्ने ५८ वर्षका ज्यान मार्ने उद्योगमा फरार ईसराइल मियाँ, बोदेबर्साईन नगरपालिका ९ बस्ने ४७ वर्षिय लुटपिट मुद्दामा फरार चन्देश्वर साह, सोही नगरपालिका ९ बस्ने ५७ वर्षिय कुटपिट मुद्दामा फरार झौलि मंडल, सोही न.पा. २ बस्ने ४७ वर्षिय कुटपिट मुद्दामा फरार महेन्द्र साहलाई पक्राउ गरेको छ ।

त्यस्तै सप्तरीकै बोदेबर्साईन न.पा. २ बस्ने ३८ वर्षिय कुटपिट मुद्दामै फरार राम सुन्दर यादव, सोही नगरपालिका १० बस्ने ५९ वर्षिय ज्यान मार्ने मुद्दामा फरार खगेन्द्र यादव, जिल्लाको सुरुङ्गा न.पा. ९ बस्ने वर्ष ४० वर्षिय कुटपिट मुद्दामै फरार नरसिहं चौधरी, खड्क न.पा. ९ बस्ने सोही मुद्दामा फरार फागु मण्डल, सोही नपा ६ बस्ने जारी मुद्दामा फरार रहेकी संगिता कुमारी चौधरीलाई पक्राउ गरेको जनाएको छ ।

यसैगरि प्रहरीले खड्क न.पा. ६ का जारी मुद्दामा फरार बद्री चौधरी, सोही नपा ६ लुटपाट मुद्दामा फरार नजबुद मिया, वडा नं. ६ कै फरार मुद्दामा राज कुमार साहलाई, खड्क न.पा. ९ बस्ने महिनारायण चौधरी भाई दिपनारायण चौधरीमाथी लुटपिट गरी फरार रहेकोमा पक्राउ गरेको छ ।

प्रहरीले सप्तरीकै खड्क न.पा. ९ बस्ने मिश्रीलाल चौधरीलाई छोरा अरुण कुमार चौधरीलाई लेनदेन मुद्धामा फरार रहेकोमा पक्राउ गरेको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

# लागु औषधसहित हतियार बरामद



**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ गोबिन्दपुरबाट सशस्त्र प्रहरीले लागु औषसहित एक थान पेस्तोल बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल बेश क्याम्प गोबिन्दपुरको गस्ती टोलीले बाँसको झ्याङमा प्लाष्टीकको झोलामा डाईलेक्स डि.सि.१०० को १५ पिस र कटुवा पेस्तोल एक थान तथा गोली २ राउण्ड वेवारिसे अवस्थामा बरामद गरेको प्रहरीले जनाएको छ ।

यता बेबारिसे अबस्थामा बरामद भएका लागु औषध र पेस्ता तथा गोली आवश्यक कार्बाहीको लागी जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाएको जनाइएको छ ।




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | CITY EXPRESS | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### खुल्ला खानेकुरा स्वास्थ्यका लागि हानिकारक

व्यक्तिको स्वास्थ्यमा बिभिन्न किसिमको रोग लगाउने यो जीव फोहोर भएको ठाउँमा मात्र नभई राजविराजका अधिकांस होटलमा देखापर्ने गर्छन् । झिंगालाई व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष असर पार्दै बिभिन्न रोग लगाउने जीवाणुको रुपमा लिइएको छ । दिशा पिसावजस्ता फोहोरमा बस्ने झिंगा खानेकुरातर्फ पनि त्यत्तिकै बस्न रुचाउँछन् । मधेसका जिल्लाहरुमा अन्य ठाउँको भन्दा बढी नै झिंगा फैलेका छन् पनि । होटलमा बनाइएको खानेकुराले झिंगालाई आकर्षित गर्ने गरेको छ । बारम्बार यो बिषयबस्तुले चर्चा पाएपनि झिंगा भन्किरहेपनि होटल मालिकहरुले यसप्रति ध्यान दिन सकेको छैन् ।

मिठाईको बिक्री हुने होटलहरुमा झिंगा धेरै नै आउने गर्छन् । तर झिंगाबाट बचाउन पसलेहरुले ध्यान दिएको देखिएको छैन् । व्यापारिक दृष्टिकोणले सबैले देख्नेगरी मिठाई तथा अन्य खानेकुराहरु राख्नु ठीक भएपनि झिंगा लाग्न नदिन पनि ध्यान दिनु जरुरी छ । मूलतः जेरी, लड्डु बदसाही लगायतका मिठाई सबैले देख्ने हिसाबले पसलेहरु खुल्ला राख्ने गर्छन् । सरसफाई गर्न, रंग प्रयोग भएको सामग्री नबेच्न, झिंगा भन्किन नदिएर ठीक ठाउँमा खाद्यपदार्थ राख्ने बिषयमा बिभिन्न पटक छलफल हुँदै आएपनि पसलेहरुले नमान्नु निकायहरुकै कमजोरी भएको मान्न सकिन्छ ।

यदी हामी स्वस्थ्य र ताजा खानेकुरा खान सकेनौं भने हाम्रो आयु छोटो हुनुका साथै बिभिन्न रोगले च्यापेर अशक्त पनि हुन सक्ने भएकाले यस्ता कुराहरुप्रति सबैलाई ध्यान दिनु जरुरी हुन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सुनको बिक्री ७५ प्रतिशतले घट्यो, सुन किन्नेभन्दा बिक्री गर्ने बढे

काठमाडौं, २१ पुस (रासस) ।
सुनको मूल्य लगातार उकालो लागेसँगै स्थानीय बजारमा सुनको खपत ह्वात्तै घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार पछिल्लो समय सुनको व्यापार ७५ प्रतिशतले घटेको छ । दैनिक करिब २५ देखि ३० किलो सुन खपत हुँदै आएको नेपाली बजारमा अहिले मुस्किलले १० किलो सुन पनि बिक्री हुन नसकेको महासङ्घका अध्यक्ष मोहनकुमार विश्वकर्माले जानकारी दिनुभयो ।

लगातार सुनको मूल्य वृद्धि भएसँगै सुन खरिद गर्नेभन्दा गहना बिक्री गर्ने बढेका छन् । राजधानीका चलेका सुन पसलमा नयाँ गहना खरिद गर्नेको सङ्ख्या अत्यन्त न्यून रहेको छ । सुनको भाउ घटेको समयमा गहना बनाएका सर्वसाधारणले मूल्य बढेको भन्दै गहना बिक्री गर्न थालेका छन् ।

पछिल्लो समय विश्व बजारमा देखिएको व्यापार द्वन्द्वका कारण सुनको मूल्यमा भारी वृद्धि हुन थालेको हो । "अमेरिका-चीन व्यापार युद्ध, अमेरिका-इरान तनावका कारण पनि अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्यवृद्धि भएको हो", महासङ्घका अध्यक्ष विश्वकर्माले भन्नुभयो, "महाशक्ति राष्ट्रबीचको बढ्दो तनावका कारण विश्वभरबाटै सुनमा लगानी हुन थालेको छ, व्यापार द्वन्द्वले सुनप्रति आकर्षण बढ्यो ।"

साना तथा ठूला लगानीकर्ताले सुनमा गरिएको लगानीलाई सुरक्षित मान्न थालेको उहाँको भनाइ छ । चीन र अमेरिकाबीच हुने भनिएको वाणिज्य वार्ता निष्कर्षमा पुग्न नसक्दा पनि सुनको मूल्य वृद्धिमा सघाउ पुगेको अध्यक्ष विश्वकर्माले बताउनुभयो ।

इकोनोमिक्स टाइम्सले पनि पछिल्लो सात वर्षमा सुनको मूल्यमा अहिलेसम्मकै उच्च वृद्धि भएको जनाएको छ । मध्यपूर्वी क्षेत्रमा देखिएको तनावका कारण सुरक्षित लगानी ठानिएको सुनमा अत्यधिक आकर्षण बढेको छ ।

विश्वबजारमा सोमबार सुनको मूल्य प्रतिऔंस एक हजार ५७३.५० अमेरिकी डलर पुगेको छ । भारतीय बजारमा छापावाला सुनको मूल्य प्रति १० ग्राम ४० हजार १० भारु र तेजाबी सुन प्रति १० ग्राम ३८ हजार १०० भारु तोकिएको छ ।

नेपाली बजारमा पनि सोमबार सुनको मूल्य प्रतितोला रु ५०० ले वृद्धि भएको छ । महासङ्घले सोमबारका लागि छापावाला सुनको मूल्य प्रतितोला रु ७६ हजार निर्धारण गरेको छ । यस्तै तेजाबी सुनको मूल्य प्रतितोला रु ७५ हजार ७०० कायम गरेको छ । यस्तै चाँदीमा पनि मूल्यवृद्धि भएको छ । आइतबार प्रतितोला रु ९०० मा कारोबार भएको चाँदी सोमबार प्रतितोला रु २० ले वृद्धि भएको छ ।

साताको पहिलो दिन आइतबार प्रतितोला रु एक हजारले वृद्धिभई छापावाला सुन रु ७५ हजार ५०० मा खरिदबिक्री भएको थियो । यस्तै तेजाबी सुन प्रतितोला रु ७५ हजार २०० कायम कारोबार भएको थियो ।

पुस महिनामा मात्रै स्थानीय बजारमा प्रतितोला रु चार हजार ५०० ले मूल्य वृद्धि भएको छ । यही पुस १ गते छापावाला सुन प्रतितोला रु ७१ हजार ५०० मा कारोबार भएको थियो भने तेजाबी सुन प्रतितोला रु ७१ हजार २०० मा कारोबार भएको थियो । पुस १ गते प्रतितोला रु ८५० मा कारोबार भएको चाँदी सोमबारको दिनमा आइपुग्दा रु ७० ले वृद्धि भएको छ ।

# रणनीतिक सुधार कार्ययोजना तयार

जनकपुरधाम, २१ पुस (रासस) ।
प्रदेश नं. २ मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पर्यटन पूर्वाधार निर्माण, वन तथा वातावरण सम्बन्धी योजनाको प्रभावकारी कार्यान्वयनका लागि रणनीतिक सुधारको कार्ययोजना निर्माण गरेको छ ।

योजनाहरू मन्त्रालयमा राख्ने प्रवृतिको अन्त्य गर्न प्रादेशिक आवश्यकतालाई दृष्टिगत गरी सुधारको कार्ययोजना तयार गरिएको बताइएको छ । मन्त्रालयका सचिव डा पेमनारायण कँडेलका अनुसार तत्कालिन र दीर्घकालिन कार्ययोजना तयार गरी पहिलो चरणमा विकासका लागि विनियोजन गरिएको तर मन्त्रालयमा राखिएको रकमलाई प्रादेशिक उपादेयतालाई ध्यानमा राखी विकास आयोजनामा परिचालन गरिने कार्यको थालनी गरिएको छ । सो अन्तर्गत विगतमा मन्त्रालयमा राखिएको रू. ५७ करोड रकम पर्यटन पूर्वाधार विकास निर्माणको कार्य गर्न गैर सरकारी संस्थासँग आवेदन लिइएकोमा यही पुस भित्रै सो कार्यको टुङ्गो लगाउने गरी गृहकार्य भइरहेको जनाइएको छ ।

सोही रकमको विनियोजन र कार्य सम्पादन सन्दर्भमा विगतमा गैरसरकारी संस्था छनौट प्रसङ्गमा विवाद उत्पन्न भई योजना मन्त्रालयमा नै राखिएको थियो । सुशासन कायम गर्न योजना छनौटमा पारदर्शिता, खर्च कटौती र प्रादेशिक आवश्यकताका आधारमा मापदण्ड तयारी योजना कार्यान्वयन गर्ने कार्ययोजना तयार गरिएको छ । रणनीतिक सुधार अन्तर्गत प्रशासनिक पद्धतिको निर्माण गर्न नीति, कानुन, विधि र सङ्गठन सुधारका लागि उच्च स्तरीय कार्य दल गठन गरिएको बताइएको छ ।

सो कार्य दलले प्रशासनिक सुधारका लागि वन, उद्योग, वातावरण सम्बन्धी प्रादेशिक नीति निर्माण गर्ने छलफल प्रारम्भ गरेको छ । त्यस्तै प्रदेशमा वनको संरक्षण र विकास गर्ने उद्धेश्यले विश्व बैंकको सहयोगमा वन तथा वातावरण मन्त्रालयको समन्वय र सहकार्यमा प्रदेशमा समृद्धिका लागि वन परियोजना छिटै कार्यान्यन हुने गृहकार्य भइरहेको छ ।

सचिव कँडेलका अनुसार पर्यावरणीय दृष्टिले चुरेको संरक्षणका लागि हरित जलाधारका परियोजनासमेत प्रदेशमा कार्यान्वयन गरिने तयारी भइरहेको छ ।

# एक लाख ३५ हजार श्रमिक सामाजिक सुरक्षामा सामेल

काठमाडौं, २१ मङ्सिर (रासस) ।
योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुनेको सङ्ख्या बढ्दै गएको छ । शुक्रबारसम्म सामाजिक सुरक्षा कोषमा एक लाख ३५ हजार ६८३ योगदानकर्ता सूचीकृत भएका छन् । यस्तै ११ हजार ९७८ रोजगारदाता पनि कोषमा आबद्ध भएका छन् ।

सबैभन्दा बढी प्रदेश नं ३ बाट ९७ हजार ७३४ श्रमिक योजनामा सहभागी भएका छन् । प्रदेश नं १ बाट २१ हजार ३२१, प्रदेश नं २ बाट सात हजार ७०९, गण्डकी प्रदेशबाट पाँच हजार ५३, प्रदेश नं ५ बाट तीन हजार २३६, सुदूरपश्चिम प्रदेशबाट ४६१ र कर्णाली प्रदेशबाट १६९ श्रमिक सूचीकृत भएको कोषले जनाएको छ ।

रोजगारदाताको आबद्धता प्रदेश नं ३ बाट बढी देखिएको छ । सो प्रदेशबाट सात हजार ९९६ रोजगारदाता कोषमा सूचीकृत भएका छन् । प्रदेश नं १ बाट एक हजार ८६०, प्रदेश नं ५ बाट ८५६, गण्डकी प्रदेशबाट ५४८, प्रदेश नं २ बाट ४७१, सुदूरपश्चिम प्रदेशबाट १२७ र कर्णाली प्रदेशबाट १२० रोजगारदाता कोषमा सूचीकृत भएका छन् ।

कोषमा रु ३८ करोड ५३ लाख ७० हजार २५८ योगदान रकम सङ्कलन भएको छ । सूचीकरण प्रक्रियामा ७४ जिल्ला समेटिएका छन् । कोषमा योगदान गर्ने तीन योगदानकर्ताका परिवारले आर्थिक सहायता प्राप्त गरेका छन् ।

गत मङ्सिर ११ गते शुभारम्भ गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा श्रमिक तथा रोजगारदाताको सहभागिता उत्साहजनक देखिएको छैन । केन्द्रीय तथ्याङ्क विभागको अध्ययन अनुसार नेपालभर करिब ९ लाखको हाराहारीमा प्रतिष्ठान दर्ता भएका छन् । ती प्रतिष्ठानमा करिब २४ लाख बढी श्रमिक

बाँकी तीन पृष्ठमा

# नक्कली नोटसहित एक पक्राउ



दैनिक समाचारदाता
पर्सा, २१ पुस ।
जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले विरगंज महानगरपालिका वडा नं.८ बसपार्क स्थित होटल बाट भारतीय ६ हजार नक्कली नोटसहित एक जनलाई पक्राउ गरेको छ ।

साह प्याराडाइज होटलबाट चेकजाँच गर्ने क्रममा वीरगंज महानगरपालिका १६ नगवा बस्ने २९ वर्षका रियाज देवानको साथबाट रु. २ हजारको दरको नक्कली भारतिय नोट तीन थान गरी ६ हजार बरामद भएको जनाइएको छ ।

## नेपाल पत्रकार महासंघ सप्तरी

### नयाँ सदस्यता एवं नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

उपरोक्त सम्बन्धमा नेपाल पत्रकार महासंघको सदस्यता लिन इच्छुक सञ्चारकर्मीहरुलाई नयाँ सदस्यता एवं शाखा सदस्य महानुभावहरुलाई नविकरणकालागि मिति २०७६ पुस मसान्तभित्र आवेदनकालागि हार्दिक अनुरोध छ ।

नयाँ सदस्यताकालागि यसअघि आवेदन दर्ता गराउनु भएका हकमा नयाँ कार्यविधि बमोजिम अपुग कागजात पेश गर्न तथा नविकरणमा हकमा पनि सोही कार्यविधि बमोजिमको कागजातहरु सहित आवेदन गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

विस्तृत जानकारीका लागि कार्यालय समयमा शाखा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

नेपाल पत्रकार महासंघ सप्तरी

# बन्ने भयो साढे एक हजार दलितको घर

सप्तरी, २१ पुस (रासस)।

जनता आवास कार्यक्रमअन्तर्गत सप्तरी र सिरहाका करिब साढे एक हजार दलितको पक्की घर निर्माण हुने भएको छ। सङ्घीय सरकारको बजेटबाट चालू आवको असारभित्र सप्तरी र सिरहामा एक हजार ४३२ पक्की आवास निर्माण हुन लागेको सहरी विकास तथा भवन कार्यालय राजविराजले जनाएको छ।

सप्तरी र सिरहा जिल्ला हेर्ने गरी राजविराजमा सञ्चालित कार्यालयका प्रमुख कृष्णदेव झाले डोम र मुसहरका लागि सप्तरीमा ६६६ र सिरहामा ७६६ वटा पक्की आवास निर्माण हुने जानकारी दिनुभयो।

बार्दलीसहित दुईकोठे पक्की भवनका लागि सरकारले प्रतिघर रु तीन लाख ३२ हजार ५०० का दरले बजेट छुटयाएको छ। घरसँगै शौचालय निर्माणका लागि थप रु १० हजार उपलब्ध गराइने कार्यालय प्रमुख झाले बताउनुभयो।

डोमको बसोबास खासगरी ऐलानी, पर्ती, नहर तथा सडक डिल र अरूको निजी जग्गामा रहेकाले घर निर्माण प्रक्रियामा व्यावहारिक कठिनाइ रहेको छ। स्थानीय तहले जग्गा व्यवस्थापन नगरेसम्म घर निर्माण सम्भव नदेखिएकाले सप्तरी जिल्लाका १८ वटै स्थानीय तहलाई जग्गा व्यवस्थापनबारे कार्यालयले पत्राचार गरेको छ।

"स्थानीय तहले जग्गाको सिफारिस गर्नासाथ तत्कालै निर्माण कार्य अगाडि बढ्नेछ", कार्यालय प्रमुख झाले भन्नुभयो, "घर निर्माण गर्न बजेट निकासा भइसकेकाले स्थानीय तहको सिफारिस चाँडै आएमा असार मसान्तभित्र पक्की घर निर्माण कार्य सम्पन्न हुनेछ।" कतिपय स्थानीय तहले जग्गाको प्रक्रिया अगाडि बढाएको समेत उहाँले बताउनुभयो।

आवासविहीन, लोपोन्मुख, सीमान्तकृत, दलित र विपन्न मुस्लिम समुदायका लागि प्रत्येक वर्ष २० हजार आवास निर्माण गर्ने लक्ष्यका साथ शुरु भएको जनता आवास कार्यक्रममा १० वर्षको अवधिमा करिब २० हजार घर निर्माण भएका छन्। आवासहीनलाई घर उपलब्ध गराउने उद्देश्यले २०६६/६७ मा कार्यक्रम शुरु भएको थियो। सिरहा, सप्तरी र कपिलवस्तुबाट प्रतिवर्ष एक/एक हजार घर निर्माण गर्ने लक्ष्यका साथ थालिएको जनता आवास कार्यक्रम हाल सबै जिल्लामा विस्तार भएको छ।

तराईका विपन्न डोम, मुसहरलगायतका दलित र विपन्न मुस्लिमका लागि भनेर थालिएको जनता आवास कार्यक्रम पहाडका दलित दमाई, कामी, सार्कीका साथै लोपोन्मुख, सीमान्तकृत कुसुण्डा, राउटेलगायत जातिका लागि लक्षित गरिएको छ। उक्त कार्यक्रमबाट तराईमा प्रतिजिल्ला २०० देखि १० हजार र पहाडमा ५० देखि १०० जनता आवास एकाइ बनाउने योजना छ।

# बिद्यालयमा प्रबिधि माध्यमबाट गुणस्तरिय शिक्षा दिनुपर्नेमा जोड : प्रशासकिय अधिकृत थापा




**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस।**

राजबिराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मदन कुमार थापा बच्चाहरूलाई प्रबिधि माध्यमवाट गुणस्तरिय शिक्षा दिनेतर्फ जोड दिनुपर्ने बताएका छन्।

केशो अनिरूद्धबति माबि राजबिराजको अभिभावक भेलालाई सोमबार सम्बोधन गर्दै उनले सो कुरामा जोड दिएका हुन्।

उनले बिद्यालयको भौतिक पुर्वाधार, शैक्षिक बिकास तथा गुणस्तरिय शिक्षातर्फ उन्मुख गर्नका लागि ब्यवस्थापन समितिको ठूलो भुमिका हुने भएकोले बिद्यालयका लागी योग्य ब्यक्तीलाई छनोट गर्न अभिभावक सँग आग्रह समेत गरे।

नगरपालिकाका शिक्षा संयोजक समेत रहेका प्रशासकीय अधिकृत थापाले चुनाबी प्रक्रियाको ब्यवस्था बिधमान ऐनमा पनि ब्यवस्था नभएकोले सर्वसम्मतिवाटै बिदालय ब्यबस्थापन समिति गठन गर्न सुझाव दिए।

यसैगरी राजबिराज नगरपालिकाका बिधालय निरिक्षक भोगेन्द्र यादबले गठित ब्यबस्थापन समितिले बिदालयको शैक्षिक चौतर्फि बिकासको लागि ठुलो भुमिका हुने भएकोले सबैको सहमतिमा ब्यबस्थापन समिति बनाउन सुझाव दिए।

बिदालयका प्रअ बिनोद कुमार साहले बिदालयको जिर्ण भवन तथा गुणस्तरिय शिक्षा, शैक्षिक ब्यवस्थापन गरी बिदालयमा प्रोजेक्टर, ल्यापटप, कम्प्युटर, स्मार्ट वोर्ड लगायतका प्रबिधिवाट अध्ययनअध्यापन गराउनुपर्ने बताए।

बिद्यालय ब्यबस्थापन समितिका अध्यक्ष धिरू बर्माको अध्यक्षतामा आयोजित अभिभावक भेलामा नेपाल शिक्षक महासंघ अध्यक्ष दिनेश प्रसाद यादब, राजबिराज नगरपालिका वडा ३ का अध्यक्ष सुर्दशन सिंह, बिदालय ब्यबस्थापन समितिका पुर्व अध्यक्ष बलराम यादब, राजबिराज जेसिजका पुर्व अध्यक्ष संजय दासलगायतले शुभकामना मन्तब्य दिएका थिए।

***एक लाख ३५...***

आबद्ध रहेको बताइन्छ।

कोषले चार प्रकारको सामाजिक सुरक्षा योजना सञ्चालनमा ल्याएको छ। औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजनाबाट योगदानकर्ताले सामाजिक सुरक्षा प्राप्त गर्नेछन्।


दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग



सिरहा रोड, राजविराज ७, खरसाल टोल

मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७

हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ। २४ औं घण्टा काउण्टर खुला रहनेछ।


## विश्व समाचार

# इरानको सर्वोच्च नेताद्धारा सुलेमानीप्रति श्रद्धाञ्जली

तेहरान, २१ पुस (एएफपी)।

इरानका सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीले सोमबार तेहरानमा एक समारोहीच सैन्य कमाण्डर कासिम सुलेमानीको 'कफिन'मा प्रार्थना गर्नु हुँदै श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ।

सुलेमानी शुक्रबार बग्दाद अन्तर्राष्ट्रिय विमानस्थलनजिकै भएको अमेरिकी ड्रोन हमलामा मारिएका थिए। शुक्रबार अमेरिकी सेनाको विशेष प्रकृतिको कारबाहीका क्रममा इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख कमाण्डर कासिम सुलेमानी मारिएका थिए।

मारिएका ती सुलेमानीलाई अमेरिकाले विगतदेखि नै 'आतङ्ककारी' समूहको नाइके भएको बताउँदै आएको थियो। यो आक्रमण अमेरिकाको तयारीमा नै भएको बताइएको छ। जुन कुरा अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले नै पुष्टि गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नै उनको हत्याको निर्देशन दिएका बताइएको छ। आक्रमणका लागि उहाँको निर्देशन रहेको अमेरिकाले नै बताएको छ।

यता इरानका सर्वोच्च नेताले अमेरिकी आक्रमणमा आफ्नो सेनाको जनरल मारिएपछि यसको कडा बदला लिने चेतावनी दिनुभएको छ।

इरानी सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीले यस्तो प्रतिक्रिया दिनुभएको हो। शुक्रवार इराकको बग्दादमा इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख जनरल कासिम सुलेमानी मारिएपछि उहाँले अमेरिकाविरुद्धमा कडा रूपमा बदला लिने बताउनुभएको हो।

इरानले देशभरी नै तीन दिनसम्मका लागि राष्ट्रिय शोकको पनि घोषणा गरेको थियो। त्यस्तै इरानी रक्षामन्त्री जावेद जारिफले शुक्रबार अमेरिकी सेनाले गराएको यो घटनालाई अन्तरराष्ट्रिय आतङ्कवाद भनी आरोप लगाउनुभएको छ।

शुक्रबार भएको यस सैन्य कारबाहीपछि उत्तेजकरूपमा व्यवहार नगर्न र संयमता अपनाउन विभिन्न देशले आग्रह गरिरहेका छन्। यस कारबाहीको चीन, रुस र सिरियाले यस हवाई आक्रमणको आलोचना गरेका छन् तर युरोपेली सङ्घले भने थप हिंसा भड्किन नदिन सबै पक्षलाई संवेदनशील भएर संयमता अपनाउन आग्रह गरेको छ।

# भारतीय विदेशमन्त्रीद्वारा अमेरिकासहित विभिन्न देशका समकक्षीसँग फोनवार्ता

नयाँ दिल्ली, २१ पुस (रासस/सिन्ह्वा)।

भारतका विदेशमन्त्री एस जयशंकरले खाडी क्षेत्रमा हालै शुरु भएको खाडी क्षेत्रको तनावका विषयलाई लिएर अमेरिकालगायतका आफ्ना केही देशका समकक्षीसँग वार्ता गर्नुभएको छ।

विदेशमन्त्री जयशंकरले अमेरिकी विदेशमन्त्री माइक पोम्पेओ, संयुक्त अरब इमिरेट्स (यूएई) का शेख अब्दुल्लाह बिन जायद अल नयन र ओमानका परराष्ट्र मन्त्री युशुफ बिन अलादी बिन अब्दुल्लाहसँग आइतबार फोनवार्ता गर्नु भएको जनाइएको छ।

उहाँले आइतबार राति पछिल्लो समयमा खाडी मुलुकमा विकास भएको अवस्थालाई लिएर अमेरिका, यूएई र ओमनका विदेशमन्त्रीहरूसँग फोनवार्ता भएको कुरा आफ्नो ट्वीट अकाउन्टमार्फत जानकारी गराउनुभएको छ।

पछिल्लो समयमा अमेरिका र इरानबीच तनाव बढेको छ। यस विषयमा के कसरी अघि बढ्ने भन्ने बारेमा उहाँहरूबीच फोनवार्ता भएको समाचारमा जनाइएको छ।

उहाँले यूएईका विदेशमन्त्री शेख अब्दुल्ला बिन जायद र ओमानका परराष्ट्रमन्त्री युशुफ बिन अलावी बिन अब्दुल्लाहसँग इरानमा विकसित परिस्थितिका बारेमा केन्द्रित रहेर कुराकानी गरेको जानकारी गराउनुभएको छ। वार्ताका क्रममा खाडी क्षेत्रमा विकसित घटनाक्रमका बारेमा आ-आफ्ना धारणा आदानप्रदान भएको जानकारी गराउनुभएको छ। त्यसक्रममा विदेशमन्त्री जयशंकरले खाडी क्षेत्रमा शान्ति, स्थायित्व र सुरक्षाका विषयमा भारतको चासो रहेको उहाँहरूलाई बताउनुभएको थियो।

यसअघि विदेशमन्त्री जयशंकरले इरानी समकक्ष मोहम्मद जावेद जरीफसँग पनि फोनवार्ता गरी खाडीमा व्याप्त तनावको अवस्थालाई कम गर्न इरानले मुख्य भूमिका खेल्न सक्ने बताउनुभएको थियो।

इराकको राजधानी बग्दादको अन्तरराष्ट्रिय विमानस्थलनजिकै शुक्रबार एकजना इरानी सैन्य कमाण्डर मारिएपछि यस विषयले खाडी क्षेत्रमा तनाव उत्पन्न गरिदिएको बताइएको छ।

शुक्रबार अमेरिकी सेनाको कारबाहीमा इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख कमाण्डर कासिम सुलेमानी मारिएका थिए।

यसका कारण अमेरिका र खाडी देशका बीचको तनाव थप बढेको विभिन्न अन्तरराष्ट्रिय सञ्चारमाध्यमले इराकको राजधानी बगदादबाट जनाएका छन्। अमेरिकाले विगतदेखि नै 'आतङ्ककारी' समूहको नाइके बताउँदै आएको सुलेमानी अमेरिकी सेनाको कारबाहीमा मारिएपछि इरानले अमेरिकासँग बदला लिने धम्की दिएको छ।

तर उत्तेजक नहुन र संयमता अपनाउन विभिन्न देशले इरानलाई आग्रह गरिरहेका छन्। यस कारबाहीको चीन, रुस र सिरियाले पनि आलोचना गरेका छन्। तर युरोपेली सङ्घले भने थप हिंसा भड्किन नदिन सबै पक्षलाई संयमित बन्न आग्रह गरेको छ।

बग्दादमा भएको यस आक्रमणले खाडी क्षेत्रमा हाल जारी रहेको तनावलाई थप बढाउने आशङ्का विश्व समुदायले गरेको छ। उता अमेरिकाले पनि यदि इरानले आफ्नो क्षेत्र तथा अमेरिकी नागरिकमाथि हमला गरेमा इरानका विभिन्न क्षेत्रमा आक्रमण गर्ने योजना बनाएको बताएको छ। यसै विषयमा यतिखेर विश्व समुदाय चिन्तत रहेको र विदेशी समुदायले पनि आ-आफ्ना क्षेत्र र समकक्षीहरूसँग आपसमा वार्ता गरी खाडीको तनावलाई कसरी कम गर्ने भन्ने बारेमा परामर्श गरिरहेका बताइएको छ।

# चिसोबाट बच्नका लागि विपन्नलाई ब्लायङ्केट वितरण

दैनिक समाचारदाता
राजविराज, २१ पुस ।

चिसोबाट बच्नका लागि बिपन्नलाई एक सामाजिक संस्थाले सोमबार ब्लायङकेट वितरण गरेको छ ।

हेल्प नेपाल नेटवर्कको सहयोगमा धर्मी हल्फा महिला विकास क्लवले सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका ६ महुलीका बिपन्न समुदाय मुसहर, चमार र राम, विश्वकर्मा, अपांग, एकल महिला, ज्येष्ठ नागरिकहरु गरि ३५ जनालाई जाडोबाट जोगिन एक एक थान ब्लायङकेट बितरण गरेको हो ।



धर्मी हल्फा महिला विकास क्लवका अध्यक्ष तथा समाजसेवी ई.सूर्य नारायण यादवद्वारा संचालित सो ब्लायङकेट वितरण कार्यक्रममा अग्नीसाईर कृष्णासवरण गाउपालिका ६ का वडा अध्यक्ष कुसुम आचार्य, निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको केन्द्रीय अध्यक्ष पुण्यप्रसाद ढकाल, संचारकर्मी बोधराज सुवेदी, आदिवासि जनजाति महासंघ सप्तरीको अध्यक्ष बृजमान तामाङ, स्वास्थ्य निरीक्षक भागवत यादव, लेखा अधिकृत राम नारायण महतो वडा नं.६ का वडा सदस्यहरुको उपस्थिति रहेको थियो ।

# बलात्कार आरोपमा पक्राउ

लहान, २१ पुस (रासस) ।

सिरहाको गोलबजारमा एक युवतीमाथि आइतबारर ाति सामूहिक बलात्कार भएको आरोपमा प्रहरीले सिरहाकै धनगढीमाई नगरपालिका निवासी सुरेशकुमार यादव र गोलबजार नगरपालिका निवासी सन्तोष महतोलाई पक्राउ गरेको छ । मोवाइल चार्ज गरिदिने बहानामा ती युवतीमाथि सामूहिक बलात्कार भएको प्रहरीले जनाएको छ ।

सिरहाका १९ वर्षीया ती युवतीलाई मोबाइल चार्ज गर्ने नाममा कोठाभित्र लगेर जबरजस्ती करणी गरेको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक जनक पुरीले जानकारी दिनुभयो । घटनापछि सडक पेटीमा आएर पीडित युवती रोएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । तत्कालै पुगेका प्रहरीले युवतीलाई उद्धार गरी दुवै जनालाई पक्राउ गरेको प्रहरी निरीक्षक पुरीले बताउनुभयो । पीडित युवती र दुवै युवकको राति नै स्वास्थ्य परीक्षण गरिएको जनाइएको छ ।

### प्रहरीद्वारा एकै ...

यसैगरि खडक न.पा. ९ बस्ने सुखैर चौधरीको हकमा श्रीमती सुकमारदेवी चौधरी जालसाँझी गरेको मुद्धामा तथा सप्तरीकै राजगढ गा.पा. २ बस्ने बलविर कुमार यादव कुटपिट अङ्गभङ्ग मुद्धामा फरार रहेकोले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### चार वर्षपछि ...

सहभागिता रहेको कार्यक्रममा प्रदेश सभा सदस्य गोविन्द न्यौपाने, राजपाका केन्द्रिय सदस्य दिपेन्द्र चौधरी लगायतले पनि बोल्दै गठबन्धनका उम्मेदवारलाई सहयोग गर्न आग्रह गरेका थिए ।


## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं ।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छर छिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं । त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं । घुर बालेर निगरानी गर्ने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।

अनुरोधकर्ता
बलान विहुल गाउँपालिका, सप्तरी

## सूचना सूचना सूचना

यस आईडियल सहकारी संस्था लि. राजबिराजले आफ्ना शेयर सदस्य, खाताधारीहरुलाई दुर्घटना विमा निशुल्क गर्ने गइरहेकोले यथासिघ्र नजिक को सेवा केन्द्र वा मुख्य कार्यालय राजबिराजमा सर्म्पक गर्न अनुरोध गरिन्छ ।

आईडियल सहकारी संस्था लि.
मुख्य कार्यालय राजबिराज-०४
फोन नं.०३१-५२१३९९

सेवा केन्द्र हनुमाननगर
फोन नं.०३१-५८०२७५

सेवा केन्द्र पातो बाजार
मो.नं.९८०१५६१९३०

दर्ता नं. १८२/०६५/०६६
श्री समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
मलेठ, सप्तरी (नेपाल)

पत्र संख्या : २०६३/०६६
चलानी नं. : ३२
मिति : २०६६/३/१६

विषय : वार्षिक साधारण सभा सम्बन्धमा

श्री ..............................

यस श्री समाज सुधार बचत तथा ऋण सहकारी संस्था लिमिटेडको संचालक समिती २०६६/८/१५ गतेको निर्णयानुसार ११ औं वार्षिक साधारण सभा निम्न उल्लेखित विषयहरुमा छलफल गर्न निम्न मिती, स्थान र समयमा बस्ने हुँदा संस्थाको सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थित भई दिनु हुन सादर अनुरोध गरिन्छ।

जय सहकारी

साधारण सभाका विषयहरु

१. संचालक समिति तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा।
२. लेखा समितीको प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
३. आ.व. २०६५/०६६ को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा।
४. आ.व. २०६६/०६७ को प्रस्तावित बजेट तथा कार्यक्रम स्विकृत गर्ने सम्बन्धमा।
५. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने संचालक समिती तथा सदस्यहरुको तर्फबाट एक/एक जना प्रतिनिधि तोक्ने सम्बन्धमा।
६. विनियम संशोधन सम्बन्धमा।
७. संचालक तथा लेखा समिती गठन सम्बन्धमा।
८. विविध

तपसिल

मिती:- २०६६/०४/२९ गते शनिबार
स्थान:- हाल संस्थाको प्राङ्गनमा ग.वि.स.-८ (कृषिसाझ केन्द्रको उत्तरपट्टि)
समय:- बिहान ९ बजे

संचालक समितीको आज्ञाले
व्यवस्थापक

स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तो सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन न.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np